**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६३ माघ १८**

---

## तराईमा थप हिंसा र जीवनको क्षति हुन नदिन तत्काल संवादका लागि उच्चायुक्तको कार्यालय, नेपालको आह्वान

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल तराईमा भएको हिंसा र मध्य तथा पूर्वी क्षेत्र दुवैमा मृत्यु तथा घाइते हुनेहरूको सङ्ख्या बढिरहेकोमा अझै अत्यन्त चिन्तित छ । यसले थप हिंसा तथा जीवनको क्षति हुन नदिन संलग्न सबै पक्षलाई तत्काल संवादमा लाग्न प्रोत्साहन गर्दछ । तराईमा खटाइएका उच्चायुक्तको कार्यालय, नेपालका टोलीहरूले हाल ११ मृत्युको छानबिन गरिरहेका छन्, जसमध्ये सातवटा प्रहरी कारबाहीको परिणामस्वरूप भएको भनिएको थियो । उच्चायुक्तको कार्यालय, नेपाल केही ठाउँहरूमा लाठी चार्जको क्रममा प्रदर्शनकारीहरूका टाउकामा प्रहरीले ताकेर हानेको भनी अत्यधिक बलको प्रयोगबारेमा पनि छानबिन गरिरहेको छ । यसले भएका सबै हत्या एवं प्रहरीद्वारा भएका गम्भीर कुटपिटका आरोपहरूका सम्बन्धमा पूर्ण र स्वतन्त्र छानबिनका लागि आफ्नो आह्वानलाई दोहोऱ्याउँदछ । तराईमा हिंसाको सामना गर्दा शान्ति व्यवस्था कायम राख्ने आफ्ना प्रयासहरूमा राज्य अधिकारीहरूले सामना गरिरहेका चुनौतीहरूलाई स्वीकार्दै, उच्चायुक्तको कार्यालय, नेपाल निष्पक्ष र पेशागत रूपले, र मानवअधिकारको पूर्ण सम्मानसहित, आफ्ना कार्यहरू अगाडि बढाउन कानुन कार्यान्वयन गर्ने निकायहरूलाई सहयोग गरिनुपर्दछ भन्ने विश्वास गर्दछ ।

उच्चायुक्तको कार्यालय, नेपाल विरोधकर्ताहरू तथा अन्यको तर्फबाट सम्पत्तिको क्षति भएको भनिएको एवं गम्भीर घाइतेहरू भएको बारेमा पनि चिन्तित रहेको छ । यो मोरङ जिल्लाको रानीमा माघ १७ गते प्रहरीको एक समूहमाथि भएको साङ्घातिक आक्रमणमा एक प्रहरी र एक सर्वसाधारणको मृत्यु भएकोमा गम्भीर रूपमा चिन्तित छ । उच्चायुक्तको कार्यालय, नेपालका टोलीहरूले माघ १६ गते विराटनगरको अस्पतालमा कतिपय मधेशीहरूलाई भेट्यो, जसलाई एउटा झडपमा गैरमधेशीहरूद्वारा खुकुरीद्वारा चरम रूपले अङ्गभङ्ग गरिएको थियो ।

तराईमा आफ्नो छानबिनको क्रममा, उच्चायुक्तको कार्यालय, नेपाल आफ्नो पेशाको अभ्यास गर्न कोसिस गरिरहेका पत्रकारहरूलाई आएको धम्कीको बारेमा पनि जानकारी सङ्कलन गर्दै आएको छ । यसले बीरगञ्जको एउटा एफएम रेडियो स्टेशनमा भएको तोडफोडको अभिलेख तयार पारेको छ र लहान, इनरुवा, बीरगञ्ज र रौतहटमा कतिपय पत्रकारहरूलाई आएको ज्यान मार्ने धम्कीसहितका गम्भीर धम्कीबारेका रिपोर्टहरू प्राप्त गरेको छ । धेरै पत्रकारले उच्चायुक्तको कार्यालयलाई तिनले आफ्ना घरहरू छाडेको र अहिले यसबारेमा ऊजुरी गर्न डराएको कुरा बताए । यस्ता धम्की अस्वीकार्य छन् । अभिव्यक्तिको स्वतन्त्रता एउटा मौलिक मानवअधिकार तथा नेपालमा प्रजातन्त्रका लागि अत्यावश्यक तत्व हो । उच्चायुक्तको कार्यालयल, नेपाल सबैलाई अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न, र राज्य अधिकारीहरूलाई मिडियाको संरक्षण सुनिश्चित गर्न आह्वान गर्दछ ।

उच्चायुक्तको कार्यालय, नेपालले चारजना पूर्वसरकारी अधिकारी - काठमाडौंमा कमल थापा र सलिम मियाँ अन्सारी, र मोरङ जिल्लामा बद्रीप्रसाद मण्डल र बल्लभ प्रसाद दाहाल - को पक्राउ र निवारक नजरबन्दलाई पनि ध्यानमा लिएको छ । माघ १७ गते सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूले (प्रजिअ)ले सार्वजनिक सुरक्षा ऐन (सासुऐ)अन्तर्गत निवारक नजरबन्दको आदेश जारी गरेका थिए । बद्रीप्रसाद मण्डल र बल्लभप्रसाद दाहालको सम्बन्धमा, यी आदेशहरूले केवल "कार्य संलग्नता र क्रियाकलापबाट शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने देखिएकाले" भन्ने उल्लेख गरेका छन्, तर ती "कार्य संलग्नता र क्रियाकलापहरू" के हुन भनी खुलाईएको छैन । कमल थापा र सलिम मियाँ अन्सारीविरुद्धका नजरबन्दका आदेशहरू अलिक विस्तृत भए तापनि तिनले पनि उनीहरूले लिएका भनिएका विशिष्ट कार्यहरू जनाउन सकेका छैनन्, जसले "मुलुकको अखण्डता तथा  सार्वभौमसत्ता, वा सार्वजनिक शान्ति र व्यवस्थालाई तत्काल खतरा पैदा" गरोस् । उच्चायुक्तको कार्यालय, नेपाल यस्ता अस्पष्ट शब्दहरू लेखिएका आदेशहरूमा आधारित यी चारजना पूर्वसरकारी अधिकारीको थुनालाई स्वेच्छाचारी र अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डविपरित भएको ठान्दछ ।

नेपालले शान्ति प्रक्रियामा प्रवेश गरेको छ, जसले मानवअधिकार र लोकतान्त्रिक सिद्धान्तहरूलाई अगाडि बढाउने लक्ष्य राखेको छ । त्यसैले, आफ्ना सबै कारबाहीमा कानुनी शासनप्रतिको प्रतिबद्धतालाई पूरा गर्नु सरकारको आवश्यक कर्तव्य हो । स्वेच्छाचारी रूपले थुनामा लिने कार्य वर्षौंको द्वन्द्व र मानवअधिकारको दमनपछि नेपालमा कानुनी शासनको पुनर्स्थापना गर्ने प्रयासहरूमा एक कदम पछाडि हो । धम्की र हिंसाका लागि जिम्मेवारहरूलाई न्यायसमक्ष ल्याइनुपर्दछ, तर यो अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड तथा उचित प्रक्रियाको सम्मानका साथ कडाइकासाथ गरिनुपर्दछ ।